पर्सागढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय हरपुर,पर्सा

## प्रेस बिज्ञप्ति

मिति-२०७८/०४/११ गते

आर्थिक बर्ष ०७७/०७८ को अषाढ मशान्त नजिकिदै गए देखि यस पर्सागढी नगरपालिका हरपुर,पर्सा लाई बदनाम गर्ने, जनमानसमा भ्रम सृजना गर्ने खालका लेख,सुचना तथा समाचार सामग्रीहरु बिभिन्न संचार माध्यम मार्फत योजनाबद्ध तथा श्रृखलाबद्ध रुपमा प्रसारित गरिएको पाइएको छ । नगरपालिकाको नेतृत्वको राजनैतिक बिपक्षी रहेकाहरुको स्वार्थ सिद्ध गर्ने उदेश्यले र प्रसासनिक तथा आर्थिक अराजकता मार्फत अनुचित लाभ लिने आकाँक्षा राख्ने यहाँका केही कर्मचारीको संलग्नतामा ति तथ्यहीन तथा झुठा समाचारहरु आएपछि त्यसप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । समाचारको स्वरुपमा फिजाइएका त्यस्ता विषयहरुको सन्दर्भमा यस नगरपालिकाको तर्फबाट तथ्य र धारणा राख्दै सत्य तथ्य पस्किन यो बिज्ञप्ति प्रकाशित गरिएको ब्यहोरा अनुरोध गर्दछौं ।

**१. आ.ब.०७८/०७९ को पाँचौ नगर सभा सम्बन्धमा ,**

- स्थानीय सरकार संचालन ऐन २०७४ तथा पर्सागढी नगरपालिकाको नगर सभा संचालन सम्बन्धि बिधेयक-२०७८ बमोजिम चरणबद्ध बैठक सहित कार्यसुचि प्रमाणित र सार्वजानिक गरी पाँचौ नगर सभा संचालन गरिएको र यसका लागि कुनै थप परामर्शदाता सेवामा नलिईएको ।
- नगर सभाका कुल ५० जना सदस्यमध्ये ४० जनाको अर्थात ८० प्रतिशत सदस्यहरुको हस्ताक्षर सहित उपस्थितीमा बिगतका बर्षभन्दा पनि परिस्कृत र उत्साहपुर्ण ढङ्गबाट अत्याधिक बहुमतको आधारमा पाँचौ नगर सभा भए गरेको ।
- आवेश र बहकावामा परेर केही जनप्रतिनिधि द्वारा दोहोरो मनसायका साथ यस सम्बन्धमा पत्रकार सम्मेलन आयोजित गरिएको ।

**२. लेखा अधिकृत राम कुमार कुशवाहको सरूवा सम्बन्धमा,**

- आर्थिक प्रशासन शाखाको आडमा स्थायि कर्मचारी हुँ भन्ने दम्भमा जे गरेनिहुन्छ मनै सर्वोसरा हुँ ,नगर प्रमुख,कार्यालय प्रमुख सबै मेरो ईसारामा चल्नु पर्छ भन्ने भनाई राख्ने सोहि अनुरुपका अभिब्यक्ति सार्वजानकि स्थल र कार्यालयमा समेत ब्यक्त गर्ने सोहि अनुरुप योजनाबद्ध शैलिमा अनैतिक मनासायका साथ निजले कार्यालयलाई बन्धक बनाउन खोजेको ।
- कार्यालयले निजको नाममा मिति -२०७८/०४/०३ मा च.नं.०४ मार्फत जारी गरेको आधिकारीक पत्रमा कार्यालय बाट बिना जानकारी सम्पर्क बिहिन भई करोडौ रकम फृज गराउने क्रियाकलाप सहित उल्लेख गरेका अन्य गलत कार्यहरु निजले नियतबस गरेको सत्य तथ्य रहेको,
- सरुवा पश्चात समेत कार्यलय लेखा प्रणालि (सुत्र) को पासवर्ड परिर्वतन गरी कार्यालयको लेखा सम्बन्धि कार्य ठप्प पारि कार्यालयले जारि गरेको पत्र समेत बेवास्था र अटेरी गरी सम्पर्क बिहिन रहेको ।
- निजबाट दबाव सृजना हुनेगरी कार्यालयको क्लोजिङ्ग कार्य,भुक्तानि का कार्यहरुको कार्यसम्पादन लाई अस्त ब्यस्त पारि कार्यालय लाई नै प्रभावित गर्नेगरी निजले यस कार्यालयमा स्वेच्छिक रूपमा **सरुवा माग गर्दै** सहमतिका लागि मिति-२०७८/०२/२३ मा **निबेदन दिएको** र सो माग अनुसार मिति-२०७८/०२/२३ मा **च.नं.१३९१ को** पत्रबाट निजलाई सरूवा सहमति दिईएको ।
- मिति-२०७८/०४/०५ गतेको च.नं.३६ मा प्राप्त संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र अनुसार अन्यत्र कामकाजमा खटाईएको । तत्पश्चात निजको संलग्नतामानै सरुवा सम्बन्धमा कार्यलयको प्रतिकृया सत्य तथ्य नबुझि एकहोरो रुपमा गलत र झुठा समाचारहरु सम्प्रेषण गराईएको ।

**३. नि.प्रमुख प्रसाशकीय अधिकृत सम्बन्धमा,**

- आर्थिक बर्षको अन्त्यमा आई २०७८ जेष्ठ २ गतेका दिन तत्कालिन प्रमुख प्रशासकीय अधिकृत शालिकराम ढकाल बाट १ महिने घरबिदा माग सहित अन्य ब्यवस्था गरी कार्यालय संचालन गर्नु हुन भनि नगर प्रमुख समक्ष निबेदन पेश भएको । सोही बमोजिम बैकल्पिक बेवस्थाा गर्न बाध्य भई कार्यपालिकाको निर्णय अनुसार सिनियर जनशक्तिलाई सोधिदा आफुहरु प्राबिधिक सातौ तह रहेको भनि मौजुदा प्रशासन तर्फका सिनियर कर्मचारी भरत प्रसाद यादवलाई

नै कार्यालय सेवा प्रवाह नरोक्ने उदेश्यले नि. प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालललयको पत्र मार्फत प्राप्त भएको,

- नि. प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादव नै तहगत तथा नीतिगत रुपमा आधिकारिक रहेको र अन्यको हकमा भ्रम मात्रै भएको र यसलाई जातियता र थर संग जोडेर समाचार सम्प्रेषण गर्नु हास्यप्रद र दुखद रहेको ।

**४. अस्थाई कोभिड अस्पताल तथा मिनि आईसुलेशन संचालन तथा भुक्तानि सम्बन्धमा ,**

- कोभिड १९ बाट जनताको जिवनरक्षा पालिकाको प्रथम प्राथमिकताको रुपमा ग्रहण गर्दै उपयुक्त ब्यस्थापनका लागि प्रर्याप्त जनशक्ति सहित अस्थाई कोभिड अस्पताल होटल साह दरबार वीरगंज तथा मिनि आईशुलेशन होटल कुमु प्यालेश वीरगंजमा नियमाअनुसार संचालन गरी नगरबासिलाई उक्त स्थानहरु बाट निशुल्क सेवा प्रदान गरिएको जग जाहेर रहेको,
- एक पटकमा २० जना संक्रमितलाई राखेर सेवा दिन सक्ने गरी दुरुस्त पुर्वतयारी सहित ति संरचना एवं ब्यवस्थापन गरिएको थियो । यता नगर क्षेत्रमा संक्रमण रोकथामका मापदण्ड कार्यन्यवन गर्दै बिरामीहरुलाई स्वास्थ्य चौकिहरुबाट निशुल्क औषधीहरु बितरण गरी संक्रमण रोकथाम न्युनिकरण गरिएको हो ।
- सो सम्बन्धमा हालसम्म कुनै भुक्तानी नभएको वा भुक्तानीका लागि अनुचित दावी नआएको । यस गम्भिर बिषयमा नगरकार्यपालिकाको बैठकको निर्णयलाई समेत बेवास्था गर्दै तत्कालीन प्र.प्र.अ.शालिक राम ढकाल र लेखा अधिकृत राम कुमार कुशवाह बाट नियतबस भ्रामक कुरा फैलाइएको । उक्त ब्यस्थापन स्थानको छनौट र खर्च ब्यस्थापन तथा सम्झौतामा समेत निजहरुको प्रत्यक्ष निगरानि तथा अगुवाईमा भए गरेको ।

**५.आम सुचना माग सम्बन्धमा,**

- नियमानुसार र आवधिक रुपमा कार्यालय बाट सुचना प्रवाह र प्रदान गर्दै गरिदै आएको ।
- आर्थिक बर्ष को अन्तमा कार्यालयलाई दबाव दिने उदेश्यका साथ पछिल्लो समयमा माग गरिएका सुचनाको हकमा नियमानुसार सुचना प्रदान गर्नमा कार्यालयको तर्फबट कुनै बाधा नरहेको र अलग अलग मुल स्रोत भएका सूचनाहरु एकत्रित पार्ने कार्य भइरहेको ।

**६. भुक्तानीको लागि दबाव भनी प्रकाशित समाचार सम्बन्धमा,**

- नगरपालिका संबिधानप्रदत बिधि प्रक्रिया र सम्बन्धित ऐन नियमका आधारमा कानून बमोजिम संचालन हुने भएको हुदाँ कुनै पनि दवावपुर्ण भुक्तानी यहाँ सम्भव नरहेको र कोहि कसैबाट दवाब नभएको ।
- कार्य सम्पन्न नहुनुको कारण भुक्तानी गर्न नमिल्ने भएको खण्डमा सम्बन्धित फाँट तथा कर्मचारीबाट समयमैं कारण खुलाउदै सम्बन्धित सेवाग्राही तथा फाँटवालालाई लिखित रुपमा जानकारी दिनुपर्ने प्रावधानको बिकास गरी लागु गरिएको हुँदा अन्यथा वा मनोमानी गर्ने गुन्जाइस नभएको । फर्जी गरिएको वा दवावको कुरा भ्रम सृजना गराउने अफवाह मात्र भएको ।
- नियमानुसार भुक्तानि गर्न नमिल्ने अवस्थामा सम्बन्धित बिषय शिर्षकमा कार्यालय प्रमुख समक्ष राय पेश गर्नु पर्ने प्रावधान रहेकोमा सो अनुरुप नगरी अन्यथा गरेको ।
- कार्यालय प्रमुख बाट तथा नियमानुसार सदरनै नभएको फाईलहरुको आफु खुसि मनलागिद चेक काटि कार्यालय प्रमुखलाई समेत भुक्तानिका लार्गि बार्गेनिङ्ग गर्ने निज राम कुमार कुशवाह को आचरणको घोर भर्त्सना समेत गर्दछौ ।

**अन्त्यमा,**

संङ्घीयता सँगै स्थापित नयाँ संरचनासहित स्थापित यस पालिकामा न्युन पुर्वाधार, स्रोत साधनको सिमितता र जनशक्ति अभाव रही आएको छ । यस अवस्थामा सिमित स्रोत साधनले असिमित बिकासको अपेक्षित नतिजा ल्याउन कठिन रहेको बर्तमान परिवेशमा सबैको सल्लाह, सुझाव, सहयोग, सद्भाव र सहकार्यबाट मात्रै नतिजामुखि नगर बिकास हुने भएको कुरा हामीले आत्मसात गरेका छौं । सोहि अनुसार अपेक्षा समेत राख्दै सहयोगका लागि सम्पुर्णमा यसै बिज्ञप्ति मार्फत अनुरोध गर्दछौं ।

किशुनदेव प्रसाद यादव
(प्रवक्ता
पर्सागढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,हरपुर पर्सा